जानकारी पुस्तिका

# नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको

# यौन तथा प्रजनन स्वास्थ्य र अधिकार




www.mitininepal.org.np

प्रकाशक

Mitini Nepal

सहयोग

AMPLIFYCHANGE

जानकारी पुस्तिका

# नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार

२०७८



# प्रस्तावना

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायले मुख्यतया उनीहरूको यौन अभिमुखिकरण र लैङ्गिक पहिचानका कारण विभिन्न प्रकारका हिंसा भोगिरहेका छन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरू विरुद्धको हिंसा विशेष गरी सामाजिक कलंक, समलिंगी हिंसा र भेदभावको रूपमा हुने गर्दछ, जसले यौन तथा प्रजनन स्वास्थ्य अधिकार सेवाहरूको पहुँचलाई असर गर्छ ।

संविधानले महिला अधिकार अन्तर्गत प्रजनन स्वास्थ्यको हकको व्यवस्था गरेको भएता पनि यसले महिलाभित्रको विविधता, विशेषगरी समलिंगी, द्वयलिंगी र ट्रान्सजेन्डर व्यक्तिहरूको यौन अधिकारलाई स्पष्ट रूपमा सम्बोधन गरेको छैन ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य लगायत एच. आई. भी. र एड्स सम्बन्धी सेवाहरूमा सीमित पहुँचले गर्दा उनीहरूको मानव अधिकारको प्राप्तिमा बाधा पुऱ्याएको छ । प्रभावित मुख्य अधिकारहरूमा स्वास्थ्यको लागि पर्याप्त जीवन स्तरको अधिकार, स्वास्थ्य र प्रजनन स्वास्थ्यको अधिकार, समान व्यवहार र गैर-भेदभावको अधिकार, परिवारको अधिकार, व्यक्तिगत अखण्डताको अधिकार, गोपनीयताको अधिकार र अभिव्यक्ति स्वतन्त्रता, सहभागिताको अधिकार आदि पर्दछन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई दिगो विकासका लक्ष्यहरूको सिद्धान्तको नीतिहरूबाट समेत वेवास्ता गरिएको छ ।

साथै, स्वास्थ्य सेवा प्रदायकहरूमा जानकारीको कमीले गर्दा, समुदायका व्यक्तिहरू धेरै अवस्थामा स्वास्थ्य सेवा र सुविधाहरूको पहुँचबाट वञ्चित छन् । उनीहरूले स्वास्थ्य उपचार गराउने क्रममा स्वास्थ्य सेवा प्रदायकहरूबाट भेदभाव वा दुर्व्यवहारको सामना गरिरहेका छन् ।

यौन तथा प्रजनन स्वास्थ्य अधिकारको कुरा गर्दा सुरक्षित मातृत्व, गर्भावस्था र महिनावारीको मात्रै चर्चा हुन्छ । कानूनले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको यौन र प्रजनन स्वास्थ्य सम्बन्धी मुद्दाहरूको आवश्यकतालाई सम्बोधन गरेको छैन । यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका बारेमा समुदाय र आमजनताका साथै विभिन्न सरोकारवालाहरूमा समेत जानकारीको अभाव छ ।

तसर्थ, यस सूचना पुस्तिकाको उद्देश्य यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयहरूमा संक्षिप्त जानकारी गराउनु र यी अधिकारहरू प्रयोग गर्न सकिने वातावरण सिर्जना गर्न राज्यलाई जिम्मेवार र जवाफदेही बनाउनु हो ।

मितिनी नेपाल यस सूचना पुस्तिकाको निर्माण र प्रकाशनमा सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिन चाहन्छ ।

धन्यवाद !

लक्ष्मी घलान
अध्यक्ष
मितिनी नेपाल

# संक्षिप्त रुप

| | | |
|---|---|---|
| एम.एन. | - | मितिनी नेपाल |
| एस.आर.एच.आर. | - | यौन तथा प्रजनन स्वास्थ्य र अधिकार |
| एल.जि.वि.टि.आई.क्यु. | - | लेस्बियन, गे, बाईसेक्सुअल, ट्रान्सजेन्डर, इन्टरसेक्स, क्वेर |
| एस.ओ.जि.आई.ई. | - | यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र अभिव्यक्ति |
| एस.जि.एम. | - | यौनिक तथा लैङ्गिक अल्पसंख्यक |
| एफ.टि.एम. | - | महिलाबाट पुरुष |
| एम.टि.एफ. | - | पुरुषबाट महिला |
| एन.एच.एस.एस. | - | नेपाल स्वास्थ्य क्षेत्र रणनीति |
| आई.सि.पि.डि. | - | जनसंख्या र विकासमा अन्तर्राष्ट्रिय सम्मेलन |
| बि.पि.एफ.ए. | - | बेइजिङ्ग प्लेटफार्मका लागि कार्य |
| एम.डि.जी. | - | सहस्राब्दी विकास लक्ष्य |
| आई.सि.सि.पि.आर. | - | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र |
| यु.डि.एच.आर. | - | मानव अधिकारको विश्वव्यापी घोषणा |
| आई.सि.ई.एस.सि.आर. | - | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र |
| सि.ई.डि.ए.डब्लु. | - | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि |
| सि.आर. सि. | - | बाल अधिकार सम्बन्धी महासन्धि |
| एस.डि.जि. | - | दिगो विकास लक्ष्य |
| भी वास | - | इन्टिमेट वास फर वुमन |
| पी.आर.ई.पी | - | प्री एक्सपोजर प्रोफिलैक्सिस |
| पी.इ.पी. | - | पोस्ट एक्सपोजर प्रोफिलैक्सिस |

# विषय सूचि


परिचय १

यौनिक तथा लैङ्गिक अल्पसंख्यकका शब्दावलीहरु २

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको स्थिति विश्लेषण ३

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुले यौन तथा प्रजनन स्वास्थ्य अधिकार र सेवाको पहुँचमा भोग्नु परेका बाधा तथा चुनौतीहरु ४

यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्य अधिकार र आवश्यकताहरु ५


नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका मुद्दाहरुमा कानुनी ढाँचा ८

यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको संरक्षणका लागि अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी प्रतिबद्धताहरु १०

यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सुनिश्चित गर्नको लागि वकालतका प्रमुख क्षेत्रहरु १२

- सरकारको भुमिका १२
- स्वास्थ्यसेवा प्रदायकहरुको भुमिका १३
- सञ्चारको भुमिका १४

# शब्दकोष




- **यौन अभिमुखिकरण:** कुनै व्यक्ति अर्को व्यक्तितर्फ भावनात्मक तथा प्रणयात्मक वा यौन आकर्षण महशुस गर्नु यौन अभिमुखिकरण हो ।
- **लैङ्गिक पहिचान:** व्यक्तिको भित्री मन वा अन्तर आत्माबाट लैङ्गिकता सम्बन्धी आएको व्यक्तिगत अनुभूति तथा अनुभव हो । कुनै व्यक्ति आफू महिला, पुरुष वा त्यस बाहेक केही रहेको अन्तरमनको उसको लैङ्गिक पहिचान हो ।
- **यौन विशेषता:** व्यक्तिको शारीरिक र एनाटोमिकल विशेषताहरू (यौन अङ्गहरू, प्रजनन् प्रणाली, सेक्स क्रोमोजम्स र हर्मोन) जसले उनीहरूको लिङ्गलाई संकेत गर्दछ ।
- **हेटेरोसेक्सुवालिटी:** विपरित लिङ्गका व्यक्तिहरूप्रति हुने एक भावनात्मक, रोमान्टिक वा यौन आकर्षण । हेटेरोसेक्सुवल व्यक्तिहरूले आफुलाई स्ट्रेट (Straight) भनेर पनि चिनाउने गर्दछन् ।
- **होमोसेक्सुवालिटी:** समान लिङ्गका व्यक्तिहरूप्रति हुने एक भावनात्मक, रोमान्टिक वा यौन आकर्षण । होमोसेक्सुवल व्यक्तिहरूले आफुहरूलाई समलिङ्गी महिला र समलिङ्गी पुरुष भनेर पनि चिनाउने गर्दछन् ।
- **हेटेरोनोरमेटिभिटी:** यो एउटा त्यस्तो अनुमानित धारणा वा मनोवृत्ति हो, जसले सबैलाई हेटेरोसेक्सुवल ठान्दछ, र विश्वास गर्छ हेटेरोसेक्सुवल लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरू भन्दा प्राकृतिक रुपले श्रेष्ठ मान्दछ ।
- **द्वयलिङ्गी:** महिला वा पुरुष दुवैप्रति भावनात्मक, मानसिक र शारीरिक रूपले आकर्षित हुने व्यक्तिलाई द्वयलिङ्गी भनिन्छ । द्वयलिङ्गी व्यक्तिहरू आफूभन्दा फरक लैङ्गिकता र आफू जस्तै लैङ्गिकता भएका दुवैसंग यौनिक, मानसिक, शारीरिक र भावनात्मक तथा प्रणयात्मक आकर्षित हुन्छन् ।
- **असेक्सुवलिटी:** कुनै पनि लिङ्गप्रति भावनात्मक, रोमान्टिक वा यौन आर्कषण नहुनु नै असेक्सुवलिटी हो । यी व्यक्तिहरूले आफुहरूलाई असेक्सुअल भनेर चिनाउने गर्दछन् ।
- **जैविक वा प्राकृतिक लिङ्ग:** यो एउटा त्यस्तो चिकित्सा शब्द हो, जसले क्रोमोजोमल, हार्मोनल र एनाटोमिकल विशेषताहरूलाई जनाउँदछ, जुन व्यक्तिलाई महिला, पुरुष र अन्तर्रलिङ्गीको रुपमा वर्गीकरण गर्न प्रयोग गरिन्छ ।

- **अन्तरलिङ्गी:** पुलिङ्ग वा स्त्रिलिङ्ग शरीरका परम्परागत धारणहरूमा नअटाउने यौन विशेषताहरू यौनाङ्ग, प्रजनन ग्रन्थी तथा गुणसुत्रको ढाँचा भएका व्यक्तिहरूलाई अन्तरलिङ्गी व्यक्ति भनिन्छ ।
- **जन्मदा यौनाङ्गको आधारमा इङ्गित लिङ्ग:** एक व्यक्ति जन्मदा यौनाङ्गको आधारमा महिला वा पुरुष भनी इङ्गित गरिएको लिङ्ग ।
- **ट्रान्सजेन्डर:** जन्मदा यौनाङ्गको आधारमा इङ्गित गरिएको लिङ्गसँग मेल नखाने लैङ्गिक पहिचान भएका व्यक्तिहरूलाई ट्रान्सजेन्डर भनिन्छ ।
- **ट्रान्सजेन्डर पूरुष:** जन्मदा यौनाङ्गको आधारमा स्त्रिलिङ्ग इङ्गित गरिएको तर हुर्किने क्रममा पुरुष लैङ्गिक पहिचान भएका व्यक्तिलाई ट्रान्सजेन्डर पुरुष भनिन्छ । (उदाहरणको लागि जन्मेको बखत महिला भएर जन्मने तर उमेर बढ्दै जाँदा उनीहरूको लैङ्गिक पहिचान पुरुषको जस्तो हुनु)
- **ट्रान्सजेन्डर महिला:** जन्मदा यौनाङ्गको आधारमा पुलिङ्ग इङ्गित गरिएको तर हुर्किने क्रममा महिला लैङ्गिक पहिचान भएका व्यक्तिलाई ट्रान्सजेन्डर महिला भनिन्छ । (उदाहरणको लागि जन्मेको बखत पुरुष भएर जन्मने तर उमेर बढ्दै जाँदा उनीहरूको लैङ्गिक पहिचान महिलाको जस्तो हुनु)
- **नन बाइनरी:** पुरुष र महिलाको बाइनरीमा पहिचान नगर्ने व्यक्तिहरू ।
- **तेश्रोलिङ्गी:** आफूलाई महिला र पूरुषभन्दा फरक मान्ने र महिला र पुरुष परिभाषाभन्दा फरक र भिन्न भनी पहिचान गर्ने व्यक्तिहरूलाई तेस्रोलिङ्गी भनिन्छ ।

# परिचय

एलजिबिटिआईक्यु एक छाता शब्दको रूपमा प्रयोग गरिन्छ र समुदायमा विविधता छ जसमा उनीहरू मध्ये प्रत्येकले आफ्नो स्वास्थ्य चिन्तासँगै एक अलग जनसंख्याको प्रतिनिधित्व गर्दछ ।

स्वास्थ्य सेवाको सन्दर्भमा स्वास्थ्य सेवा प्रदायकहरूद्वारा कलंक, भेदभाव र यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको बारेमा चेतनाको कमी जस्ता सामान्य अनुभवहरूले उनीहरूलाई एकसाथ बाँधेको छ । अपर्याप्त कानुन र अभ्यासहरू, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई उनीहरूको मानव अधिकारको घोर उल्लंघनसँग उजागर गरिएको र यसले उनीहरूलाई स्वास्थ्यको उच्चतम स्तर प्राप्त गर्नबाट रोक लगाएको छ ।

यो जानकारी पुस्तिकाले यौनिक तथा लैङ्गिक अल्पसंख्यक शब्दावलीहरूको समीक्षा, स्थिति विश्लेषण, स्वास्थ्य असमानताबाट यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूमा परेको प्रभाव, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता र सरकार, स्वास्थ्य सेवाप्रदायकहरू र मिडियाले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूलाई स्वास्थ्य केन्द्रित हेरचाहको पहुँच प्रदान गर्नको लागि आवश्यक रूपरेखाहरू तयार गर्दछ ।

### यौन तथा प्रजनन स्वास्थ्य र अधिकारले

सामान्यतया कुनै पनि व्यक्तिको आफ्नो शरीरमाथि आफ्नो पुर्ण अधिकार रहेको कुरालाई जनाउँदछ । यो एक अत्यन्त महत्वपुर्ण अधिकार हो, जसले कुनै एक व्यक्तिले उमेर, लिङ्ग र विशेषताका बावजुद आफ्नो यौनिकता र प्रजनन अधिकार सम्बन्धी निर्णय लिनसक्ने क्षमतालाई बुझाउँछ र अरुको अधिकारको उल्लंघन गर्दैन ।

### प्रजनन स्वास्थ्य

यो एउटा पुर्ण शारीरिक, मानसिक र सामाजिक भलाइ र स्वस्थताको अवस्था हो, न की कुनै रोग वा अशक्तताको अभाव मात्रै, जुन प्रजनन प्रणाली, यसको कार्य र प्रक्रिया सबै मामिलाहरूसँग सम्बन्धित हुन्छ ।

# यौनिक तथा लैङ्गिक अल्पसंख्यकका शब्दावलीहरू

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको व्यक्तिहरूलाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नका लागि यी आधारभूत शब्दावलीहरूको जानकारी र यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूले पहुँचयोग्य र समावेशी स्वास्थ्य सेवाको खोजी गर्दा सामना गर्नुपर्ने जटिलताहरूको बारेमा जानकारी हुनु पर्दछ ।

L **समलिङ्गी महिला (Lesbian):** कुनै पनि महिला अर्को महिला प्रति भावनात्मक, मानसिक, शारीरिक तथा प्रणयात्मक रुपले महिलाप्रति नै आकर्षण हुन्छन् भने त्यस्ता महिलाई समलिङ्गी महिला भनिन्छ ।

G **समलिङ्गी पुरुष (Gay):** कुनै पनि पुरुष अर्को पुरुषप्रति भावनात्मक, मानसिक, शारीरिक तथा प्रणयात्मक रुपले पुरुषप्रति नै आकर्षण हुन्छन् भने त्यस्ता पुरुषलाई समलिङ्गी पुरुष भनिन्छ ।

B **द्वयलिङ्गी (Bisexual):** महिला वा पुरुष दुवैप्रति भावनात्मक, मानसिक र शारीरिक रुपले आकर्षित हुने व्यक्तिलाई द्वयलिङ्गी भनिन्छ । द्वयलिङ्गी व्यक्तिहरु आफूभन्दा फरक लैङ्गिकता र आफूजस्तै लैङ्गिकता भएका दुवैसँग यौनिक, मानसिक, शारीरिक र भावनात्मक तथा प्रणयात्मक आकर्षित हुन्छन् ।

T **ट्रान्सजेन्डर (Transgender):** जन्मदा यौनाङ्गको आधारमा इङ्गित गरिएको लिङ्गसँग मेल नखाने लैङ्गिक पहिचान भएका व्यक्तिहरूलाई ट्रान्सजेन्डर भनिन्छ ।

T **ट्रान्ससेक्सुअल (Transexual):** चिकित्सा र मनोवैज्ञानिक समुदायहरूमा उत्पन्न भएको एक पुरानो शब्दावली, जुन स्थायी रूपमा शल्यक्रिया र हार्मोनहरूमार्फत आफ्नो लैङ्गिक पहिचान परिवर्तन गरेका व्यक्तिहरुका लागि प्रयोग गरिन्छ ।

Q **क्वेयर (Queer):** एउटा छाता शब्दावली जसले समावेशी हुनका लागि धेरै पहिचान र विविधताहरु सहितको यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई बनाउँछ ।

Q **क्वेसनिङ (Questioning):** आफ्नो यौन झुकाव, लैङ्गिक पहिचान र लैङ्गिक अभिव्यक्ति खोजी गर्ने र पत्ता लगाउने प्रक्रिया ।

I **अन्तर्लिङ्गी (Intersex):** पुलिङ्ग वा स्त्रीलिङ्ग शरीरका परम्परागत धारणहरूमा नअटाउने यौन विशेषताहरु यौनाङ्ग, प्रजनन ग्रन्थी तथा गुणसुत्रको ढाँचा भएका व्यक्तिहरूलाई अन्तर्लिङ्गी व्यक्ति भनिन्छ ।

A **ऐले (Ally):** सामान्यतया एक गैर क्वेयर व्यक्ति जसले क्वेयर समुदायलाई समर्थन र वकालत गर्दछ, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायभित्रको एक व्यक्ति अर्को सदस्यको लागि सहयोगी हुन सक्छ, जसले उनीहरूलाई भन्दा फरक पहिचान गर्दछ ।

A **असेक्सुअल (Asexual):** एक व्यक्ति जसले सामान्यतया कुनै पनि व्यक्तिप्रति यौनइच्छा वा आकर्षण महसुस गर्दैन । यो ब्रह्मचार्य जस्तै होइन र यसका धेरै उप-समूहहरु छन् ।

P **प्यानसेक्सुअल (Pansexual):** एक व्यक्ति जो लैङ्गिक बाइनरीमा फिट हुने मात्र नभई सबै लैङ्गिक पहिचान/अभिव्यक्तिका सदस्यहरूप्रति यौन, रोमान्टिक, शारीरिक वा आध्यात्मिक आकर्षण अनुभव गर्दछ ।

# यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको स्थिति विश्लेषण

नेपालको संविधानले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको अधिकारलाई प्रवर्द्धन गरेको छ, यसले स्वास्थ्य सेवा र स्रोतहरूको पहुँचमा कुनै प्रकारको व्यापक परिवर्तन भने ल्याएको छैन । यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूले प्रायः जसो स्वास्थ्यसेवा लिन जाँदा भेदभाव, अपमान, उत्पीडन र स्वास्थ्यसेवा प्रदायकहरूबाट दुर्व्यवहार सामना गरिरहेका छन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूले अन्य व्यक्तिहरूको तुलनामा मानसिक स्वास्थ्यको उच्च जोखिम भोगिरहेका छन्, जस अन्तरगत डिप्रेशनको उच्च घटनाहरू, आत्मघाती विचारहरू, लागु पदार्थको दुरूपयोग, चिन्ता र आत्म-हानि आदि पर्दछन् ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको विशेष स्वास्थ्य आवश्यकताहरूलाई स्वास्थ्य सेवा प्रदायकहरूद्वारा बेवास्ता गरिएको छ, जसले गर्दा उनीहरूको स्वास्थ्य सेवा प्रदायकहरू प्रतिको विश्वासमा कमी आएको छ । उनीहरूको विभिन्न आवश्यकताहरूलाई जोड दिइएको छैन, जसले गर्दा यो समुदायका व्यक्तिहरू बढी मात्रामा प्रभावित छन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरू प्रायः अनुचित दुर्व्यवहार र आक्रामक प्रश्नको डरको कारण उपचार लिन जाँदा आफ्नो यौन अभिमुखिकरण र लैङ्गिक पहिचानको बारेमा खुलाउन चाहँदैनन् । उपचारका लागि समय लिन जाँदा भोग्नु परेको दुर्व्यवहार होस् वा चिकित्सा गोपनीयताको उल्लंघन, सार्वजनिक अपमानसँगै वेवास्तापुर्ण हेरचाह जस्ता भेदभाव र दुर्व्यवहारहरू हुने गरेका छन् । स्वास्थ्य सेवा प्रदायकहरूबाट गरिने यस प्रकारको व्यवहारले समग्र स्वास्थ्य र यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूको पहुँचमा प्रभाव पार्दछ । नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको लागि लिङ्ग परिवर्तन सम्बन्धी शल्यक्रियाको बारेमा श्रोत र जानकारीको कमी छ, साथसाथै स्वास्थ्यमा मानव संसाधनको कमीले गुणस्तरीय स्वास्थ्य सेवाहरूको पहुँचलाई चुनौती दिएको छ ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूले अनुभव गरेका स्वास्थ्यसेवामा व्याप्त असमानताहरूलाई कोभिड १९ को महामारीले अझ बढाएको छ । त्यस माथि कोभिड १९ को सम्भावित लक्षणहरू देखा परेका यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरू दुर्व्यवहार र पूर्वाग्रहको डरले परीक्षण वा उपचारको लागि अस्पताल जान हिचकिचाउने गर्दछन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूले क्वारेन्टाइन केन्द्रमा रहँदा समेत भेदभावको सामना गर्नु परिरहेको छ, जसले उनीहरूलाई असुरक्षित परिस्थितिहरूमा बस्न बाध्य बनाएको छ । यी परिस्थितिहरूले उनीहरूको मानसिक स्वास्थ्यमा महत्वपूर्ण प्रभाव पारेको छ । महामारीको बेला आत्महत्याको दरमा तीव्र वृद्धि भैरहेको विभिन्न रिपोर्टहरू समेत सार्वजनिक भएका छन् ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकमैत्री स्वास्थ्य सेवा सुविधाहरूको जानकारीको कमीले गर्दा विशेष गरी ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरूका लागि चिकित्सा हेरचाहको पहुँचलाई सीमित गरेको छ । कतिपय अवस्थामा, स्वास्थ्य सेवा प्रदायकहरूले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूको गोपनीयताको अधिकारको उल्लंघन गरेका र उनीहरू भेदभाव, कलंक र हिंसाको जोखिममा परेका छन् । फलस्वरुप, उनीहरूले समग्र स्वास्थ्य सेवा र सूचनासँगै हर्मोन उपचार, मानसिक स्वास्थ्य सेवा र कानुनी सहायतामा पहुँचका लागि निरन्तर बाधाहरूको सामना गर्नुपरिरहेको छ ।

## यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूले यौन तथा प्रजनन स्वास्थ्य अधिकार र सेवाको पहुँचमा भोग्नु परेका बाधा तथा चुनौतीहरू:

१. स्वास्थ्य सेवाप्रदायकहरू बीचमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरूको यौन र प्रजनन स्वास्थ्य सम्बन्धी आवश्यकताहरूको ज्ञान र बुझाईको कमी ।
२. स्वास्थ्य सेवा प्रदायकहरूबाट हुने उच्च स्तरको भेदभाव, उत्पीडन र दुर्व्यवहारले गुणस्तरीय स्वास्थ्य सेवा पहुँचमा बञ्चित गराउँछ ।
३. यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धी सेवाहरू यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्ति मैत्री नहुँदा यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा पहुँच नहुनु ।
४. स्वास्थ्य सेवा लिन जाँदा लैङ्गिक पहिचान, यौन अभिमुखिकरण वा यौन विशेषताहरूको खुलासा हुने डर ।
५. यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरूको लागि स्वास्थ्य सेवाहरूमा उपलब्धता र पहुँच सम्बन्धी अपर्याप्त जानकारी ।
६. स्वास्थ्य सेवा तथा सुविधाहरू प्राय:जसो शहरी क्षेत्रहरूमा अवस्थित छन्, जसले ग्रामीण क्षेत्रमा बसोबास गर्ने यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूका लागि कठिन बनाउँछ ।
७. यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूलाई उनीहरूको यौन अभिमुखिकरण र लैङ्गिक पहिचानको कारण स्वास्थ्य सेवाबाट अस्वीकार गरिनु ।



# यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्य अधिकार र आवश्यकताहरु

यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरु विविध श्रेणी हुन् । प्रत्येक व्यक्तिले अद्वितीय आवश्यकताहरु प्राप्त गरेका छन् । जबकि केहि आवश्यकताहरु क्रस कटिङ छन् भने केहि अद्वितीय र विशिष्ट छन् ।

उदाहरणका लागि, केही यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी उत्पादनहरु तथा उपभोग्य वस्तुहरु विशेष यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरुको लागि अद्वितीय छन् । त्यस्तै पुरुष र महिला कण्डम, लुब्रिकेन्ट, ट्युब, विशेष प्रकारको जेल, विशेष प्रकारको हाईजिन मेन्टेनन्स वस्तुहरु जस्तै भी-वास जस्ता विशिष्ट उत्पादनहरु अरुभन्दा केही व्यक्तिहरुका लागि बढी आवश्यक हुन्छ । उदाहरणका लागि, आवाज परिवर्तन ट्रान्सजेन्डर पुरुषहरु र ट्रान्सजेन्डर महिलाहरुले प्रयोग गर्ने गरेको पाईन्छ तर अरुले होइन । बडी सेपर्सहरु पनि ट्रान्सजेन्डर पुरुष र महिलाहरुले प्रयोग गरेका छन् । अन्य विशिष्ट आवश्यकताहरु जस्तै सर्जरी र हार्मोनल थेरापीहरु अन्य कुनै पनि वर्गका व्यक्तिहरुले नभई ट्रान्सजेन्डरहरुद्वारा नै बढि प्रयोग गरिने हुन्छ ।

## महिला समलिङ्गीको यौन तथा प्रजनन स्वास्थ्य अधिकार र आवश्यकताहरु

- परिवार नियोजन,
- मैत्रीपुर्ण स्वास्थ्य केन्द्रहरुमा बढी मात्रामा महिला समलिंगी स्वास्थ्य प्रदायकहरुलाई संलग्न गराउनु,
- भी-वास र ल-वास,
- महिला कण्डम,
- यौन सन्तुष्टिका लागि लुब्रिकेन्ट,
- महिला समलिंगीहरुको विशेष आवश्यकताका लागि यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि परामर्श र मार्गदर्शन,
- बलात्कार मुद्दाहरुमा गर्भपतन गर्न पाउने सेवा,
- आत्मियता,
- यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धी सही निर्णय लिन महिला समलिंगीहरुमा चेतनाको स्तर अभिवृद्धि गर्ने,
- एस.टि.आई. स्क्रीनिङ्ग र उपचार,
- यस्ता सेवा सुविधाहरु प्रदानमा गोपनियता जस्तै एच.आई.भी. परीक्षणका लागि सेल्फ टेस्टिङ्ग किट सहजै उपलब्ध हुनुपर्ने,
- एच.आई.भी. परीक्षण सेवा सुविधाहरु, एच.आई.भी. निवारण सेवाहरु जस्तै पी.आर.ई.पी र पी.इ.पी. आदि ।

## समलिंगी पुरुषको यौन तथा प्रजनन स्वास्थ्य अधिकार र आवश्यकताहरु

- हेपाटाइटिस बी का लागि स्क्रिनिङ्,
- एच.आई.भी. संक्रमित यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुका लागि ए.आर.टि. उपचार,
- लुब्रिकेन्ट्सको आवश्यकता, कण्डम र अनुसोल्स मलम,
- डचिङ,
- सेक्स अघि वा पछि यौन शिक्षा,
- एम.एस.एम.को यौन तथा प्रजनन स्वास्थ्य अधिकार र आवश्यकताहरुलाई बुझ्ने स्वास्थ्यकर्मीहरु,
- एम.एस.एम.का लागि यौन तथा प्रजनन स्वास्थ्य र अधिकारलाई प्रभाव पार्ने विषयहरुबारे संवेदनशीलता र चेतनाको सिर्जना गर्ने,
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक मैत्री सेवा सुविधाहरु,
- एस.टि.आई. स्क्रिनिङ्ग र उपचार,
- यस्ता सेवासुविधाहरु प्रदानमा गोपनियता जस्तै एच.आई.भी. परीक्षणका लागि सेल्फ टेस्टिङ्ग किट सहजै उपलब्ध हुनुपर्ने,
- एच.आई.भी. निवारण सेवासुविधाहरु जस्तै पी.आर.ई.पी र पी.इ.पी. आदि ।

## ट्रान्सजेन्डर महिलाहरुका लागि यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी आवश्यकताहरु

- ट्रान्सजेन्डर महिलाहरुको आवश्यकता अनुरुपको स्वास्थ्य सेवा तथा सुविधाहरु,
- हार्मोनल थेरापीहरु,
- लिङ्ग परिवर्तन गर्ने शल्यक्रियाहरु,
- ट्रान्सजेन्डर महिलाहरुको आवश्यकता अनुरुपको परिवार नियोजनका सुविधाहरु,
- दाह्री हटाउने तेल र आवाजलाई राम्रो र मिठो बनाउने भ्वाइस मोडेरेटर्सहरु,
- उपभोग्य वस्तुहरु जस्तै कण्डम र लुब्रिकेन्ट,
- कण्डम प्रयोग सम्बन्धी सुचनाहरु,
- पुरुषसँग यौनसम्पर्क गरेपछि वा अघि यौनाङ्ग सफा गर्न डचिङ मेसिनहरु,
- आत्मियताको आवश्यकता, प्रेममा पर्न र प्रेम महसुस गर्न,
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक मैत्री सेवा सुविधाहरु,
- एस.टि.आई. स्क्रिनिङ्ग र उपचार,
- सेवा सुविधाहरु प्रदानमा गोपनियता जस्तै एच.आई.भी. परीक्षणका लागि सेल्फ टेस्टिङ्ग किट सहजै उपलब्ध हुनुपर्ने,
- एच.आई.भी. परीक्षण सेवा सुविधाहरु, एच.आई.भी. निवारण सेवाहरु जस्तै पी.आर.ई.पी र पी.इ.पी. ।
- हेपाटाइटिस बी का लागि स्क्रिनिङ्,
- परामर्श,
- एच.आई.भी. संक्रमित यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुका लागि ए.आर.टि. उपचार,
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरुको विशेष आवश्यकता अनुरुपको यौन शिक्षा र छलफल कार्यक्रमहरु आदि ।

## ट्रान्सजेन्डर पुरुषहरुका लागि यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि आवश्यकताहरु

- रोकथामका लागि मेडिकल ट्युबहरु,
- महिनावारी सरसफाई व्यवस्थापन,
- भेदभाव र कलंकबाट बच्न ट्रान्सजेन्डर पुरुषहरुको लागि विशेष स्वास्थ्य सुविधाहरु
- पूर्ण रुपान्तरणका लागि थेरापी नभई आवाज परिवर्तन गर्न र दाह्री बढाउनको लागि हर्मोनहरु,
- यौनसम्पर्क गर्दा सरसरफाई कायम राख्न ल-वासको प्रयोग,
- आत्मीयता, विवाह र प्रजननको आवश्यकता,
- लिङ्ग परिवर्तन गर्ने शल्यक्रियाहरु,
- यौन शिक्षा विशेष गरी यौन सम्पर्कको समयमा सरसफाईको बारेमा छलफल (सरसफाई/ स्वच्छता कायम गर्ने),
- अनिच्छित गर्भधारण रोक्नको लागि बलात्कारको अवस्थामा एच.आई.भी. र सुरक्षित गर्भपतनबारे जानकारी र सचेतना । अधिकांश ट्रान्सजेन्डर पुरुषहरुले बलात्कारको घटनाहरु उच्च दरमा अनुभव गरेको बताइएको छ ।
- एचआईभी परीक्षण सेवाहरु, एच.आई.भी. निवारण सेवाहरु जस्तै पी.आर.ई.पी र पी.इ.पी. आदि ।

## द्वयलिंगी व्यक्तिहरुका लागि यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी आवश्यकताहरु

- यौन तथा प्रजनन स्वास्थ्य समस्याहरुको कारणबारे शिक्षा र जागरुकता सिर्जना,
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिका लागि यौन संचारित संक्रमण साथै यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि सुचनाको पहुँच, केही स्वास्थ्य केन्द्रहरुमा सेवाहरुको पहुँच,
- द्वयलिंगी व्यक्तिहरुको आवश्यकतालाई बुझ्न सक्ने स्वास्थ्य सुविधा र स्वास्थ्यकर्मीहरु,
- यौन संचारित संक्रमण जस्तै यौनाङ्गमा हुने वाट्र्सको उपचार,
- सुरक्षित गर्भपतनलाई ध्यानमा राख्ने किनभने अधिकांश मानिसहरु अहिले अवैध गर्भपतनको शिकार हुनु परेकाले यसले मृत्युलाई बढावा दिइरहेको छ,
- उपभोग्य वस्तुहरु जस्तै कण्डम र लुब्रिकेन्ट,
- एच.आई.भी लगायतका सेवाहरुमा पहुँच, एस.टि.आई. स्क्रीनिङ र परिवार नियोजनमा जोड, महिनावारी सरसफाई व्यवस्थापनमा ध्यान केन्द्रित,

# नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका मुद्दाहरूमा कानुनी ढाँचा

## क. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका अधिकारहरु

नेपाल दक्षिण एशियामै पहिलो देश हो, जसले आफ्नो संविधान र देशको सर्वोच्च कानुनमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको अधिकारलाई मान्यता प्रदान गरेको छ ।[१] यसले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूले पनि अन्य नागरिक सरह समान रूपमा कानुनी अधिकार प्राप्त गऱ्यो ।

नेपालको संविधान २०७२ ले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको अधिकारलाई विभिन्न धाराहरूमा अंगिकार गरेको छः




- **धारा १२:** लैङ्गिक पहिचान सहित वंशको नागरिकता प्राप्त गर्ने अधिकार
- **धारा १८:** समानताको अधिकार, **खण्ड ३:** राज्यले लिङ्गको आधारमा नागरिकलाई भेदभाव गर्न नपाइने र यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि कानुन बनाएर विशेष व्यवस्था गर्न सक्ने प्रावधान राखेको छ ।
- **धारा १८: खण्ड ४:** समान कामका लागि लैङ्गिक आधारमा भेदभाव नगरिने व्यवस्था गरेको छ । विशेष गरी समान किसिमको कामको समान ज्याला र सामाजिक सुरक्षाको अवधारणालाई यसले समेटेको छ ।
- **धारा ४२: सामाजिक न्यायको अधिकार:** सामाजिक न्यायको अधिकार अर्थात समावेशी सिद्धान्तको आधारमा राज्य संयन्त्र र सार्वजनिक सेवाहरुमा भाग लिने अधिकार ।

## ख. स्वास्थ्यको अधिकार

**नेपालको संविधानले** आधारभूत स्वास्थ्य सेवालाई सबै नागरिकहरूको मौलिक अधिकार को रूपमा स्थापित गरेको छः



- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने हक हुनेछ र कोही पनि आपतकालीन स्वास्थ्य सेवाबाट वञ्चित हुने छैनन् ।
- प्रत्येक व्यक्तिलाई उसको चिकित्सा उपचारको बारेमा जानकारी प्राप्त गर्ने अधिकार हुनेछ ।

१. नेपालको संविधान २०७२, धारा १८

- प्रत्येक नागरिकको स्वास्थ्य सेवामा समान पहुँच हुनेछ ।
- प्रत्येक नागरिकलाई स्वच्छ पिउने पानी र सरसफाईमा पहुँचको हक हुनेछ ।

**नेपालको स्वास्थ्य क्षेत्र रणनीति (एनएचएसएस) कार्यान्वयन योजना २०७३-२०७८** ले प्रत्येक नागरिकको मौलिक अधिकारको रूपमा आधारभूत स्वास्थ्य सेवामा पहुँचको ग्यारेन्टी गर्ने संवैधानिक प्रावधानलाई मान्यता दिएको छ । **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५** ले प्रजनन स्वास्थ्य सेवाहरूको पहुँचलाई अझ विस्तार गर्दछ ।



- प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्य सम्बन्धी सेवा, परामर्श र जानकारी प्राप्त गर्ने अधिकार हुनेछ ।
- प्रत्येक व्यक्तिलाई आफ्नो जीवनचक्रको विभिन्न परिस्थितिहरूमा सजिलै उपलब्ध हुने, स्वीकार्य र सुरक्षित तरिकाले आवश्यक प्रजनन स्वास्थ्य सेवा पाउने हक हुनेछ ।
- प्रत्येक व्यक्तिलाई प्रजनन स्वास्थ्य सेवा छनौट गर्ने अधिकार हुनेछ ।
- कसैलाई पनि यौन तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्थाको आधारमा सेवा पाउने अधिकारमा भेदभाव गर्ने गरिन्छ ।

**राष्ट्रिय स्वास्थ्य नीति, २०७६** ले नागरिकहरूको मौलिक स्वास्थ्य अधिकार सुनिश्चित गर्दछ । यो नीति मार्गदर्शक सिद्धान्तको आधारमा बनाईएको हो:

१. गुणस्तरीय स्वास्थ्य सेवाहरूमा विश्वव्यापी पहुँच, निरन्तर उपलब्धता, पारदर्शिता र व्यापकता ।

२. अति सीमान्तकृत, दलित र आदिवासी समुदायलाई लक्षित विशेष स्वास्थ्य सेवा ।

३. सबै नीतिहरूमा स्वास्थ्य र बहुक्षेत्रीय समन्वय र सहयोग ।

यी प्रावधानहरूको बावजुद, धेरै सामाजिक, सांस्कृतिक, राजनैतिक र कानुनी व्यवस्थाहरूले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूलाई आधारभूत यौन तथा प्रजनन स्वास्थ्य र अधिकारहरूको पहुँचका लागि उनीहरूको लैङ्गिक पहिचान र यौन अभिमुखिकरणको आधारमा भेदभाव गर्ने गरिन्छ ।

# यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको संरक्षणका लागि अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी प्रतिबद्धताहरू

यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्यको अधिकार जीवनको अधिकार, यातनाबाट मुक्त हुने अधिकार, गोपनीयताको अधिकार, शिक्षाको अधिकार र भेदभावको प्रतिबन्धसहित धेरै मानव अधिकारसँग सम्बन्धित छ ।

नेपालले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको लागि प्रमुख अन्तर्राष्ट्रिय मानव अधिकार उपकरणहरूको अनुमोदन गरेर आफ्नो प्रतिबद्धता देखाएको छ, जस्तै जनसंख्या र विकासमा अन्तर्राष्ट्रिय सम्मेलन (आईसिपिडि) कार्यक्रमको कार्यक्रम (पिओए), बेइजिङ्ग प्लाटफर्मका लागि कार्य (बिपिएफए), सहस्राब्दी विकास लक्ष्य (एमडिजी) र नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आईसिसिपिआर) ।

अन्तर्राष्ट्रिय र क्षेत्रीय मानव अधिकार मापदण्ड र स्वास्थ्य मापदण्डको एक बढ्दो निकाय जसले मानव अधिकारको सम्मान र रक्षा गर्दछ, साथै यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको स्वास्थ्य र मानव अधिकारको सम्मान, संरक्षण र पुर्णताका लागि स्पष्ट मापदण्ड प्रदान गर्दछ ।

**मानव अधिकारको विश्वव्यापी घोषणा**, अनुच्छेद २५ ले घोषणा गरेको छ कि प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य, खाना, कपडा, आवास, चिकित्सा सेवा र आवश्यक सामाजिक सेवाहरूसहितको उचित जीवनस्तरको अधिकार छ ।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आईसिईएससिआर)** ले शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम स्तरको आनन्दको लागि सबैको अधिकारलाई मान्यता दिन्छ । यसले स्थापित गरेको छ कि गैर भेदभाव, यौन र प्रजनन स्वास्थ्य अधिकारको सन्दर्भमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकसहित सबै व्यक्तिहरूको अधिकारलाई उनीहरूको यौन अभिमुखीकरण र लैङ्गिक पहिचानको लागि पूर्ण सम्मान गर्ने अधिकार समेटेको छ ।

**महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (सिईडिएडब्लु)** को अनुच्छेद १२ ले स्वास्थ्य क्षेत्रमा महिलाहरू विरुद्ध भेदभावको उन्मूलन गर्न र स्वास्थ्य सेवाको क्षेत्रमा भेदभावको उन्मूलन गर्नका लागि सबै उचित उपायहरू अवलम्बन गर्न राज्य पक्षहरूलाई बाध्य गर्दछ ।

**बाल अधिकार सम्बन्धी महासन्धि (सीआरसी)**, अनुच्छेद २४ ले बिरामीको उपचार र स्वास्थ्यको पुनर्वासको लागि स्वास्थ्यको उच्चतम प्राप्य स्तर र सुविधाहरूको उपभोगमा बच्चाको अधिकारलाई बुझाउँछ ।

सेप्टेम्बर २०१५ मा संयुक्त राष्ट्र संघका १२ वटा निकायले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरू विरुद्धको हिंसा र भेदभावको अन्त्यको लागि स्पष्ट रूपमा राज्यहरूलाई विभेदकारी कानूनहरूलाई खारेज गर्न संयुक्त बयान जारी गऱ्यो, जसले कलंक कायम राख्न र अन्य कुराहरू, स्वास्थ्य र एचआइभी सेवाहरूको पहुँचमा बाधा पुऱ्याउन सक्दछन् ।[२]

**जनसंख्या र विकासमा अन्तर्राष्ट्रिय सम्मेलन (आईसिपिडि+२५)** ले दिगो विकासको स्तम्भको रूपमा मानवीय र नाजुक सन्दर्भमा पनि यौन र प्रजनन स्वास्थ्य सेवाको अधिकारलाई मान्यता दिईयो ।

**दिगो विकासको लागि २०३० एजेन्डा**ले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको उन्नतिको लागि अवसर प्रदान गर्दछ र यसमा प्रजनन स्वास्थ्यसँग सम्बन्धित धेरै लक्ष्यहरू छन् । दिगो विकास लक्ष्य ३ ले स्वस्थ जीवन सुनिश्चित गर्दछ ।










२. संयुक्त राष्ट्र संयुक्त वक्तव्य, समलिङ्गी महिला, समलिङ्गी पुरुष, द्वयलिङ्गी, उभयलिङ्गी र अन्तर्रलिङ्गी व्यक्तिविरुद्ध हिंसा र भेदभावको अन्त्य (२०७२)

## यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सुनिश्चित गर्नको लागि वकालतका प्रमुख क्षेत्रहरु




पहुँचमा आउने बाधाहरूलाई तोड्न विभिन्न प्रयासको आवश्यकता पर्दछ, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूका लागि गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा हस्तक्षेपको पहुँचमा आमूल परिवर्तन ल्याउन र प्राथमिकता र रणनीतिहरूको निर्धारणमा सहयोग पुऱ्याउन सरकार, स्वास्थ्य सेवाप्रदायकहरू र सञ्चारद्वारा ठोस कदम चाल्न सकिन्छ ।

### सरकारको भुमिका

यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको मानव अधिकारलाई प्राथमिकता, सम्मान, संरक्षण र पूरा गर्ने दायित्व सरकारको हुन्छ । सरकारले यौनिक तथा लैङ्गिक अल्पसंख्यकको लागि अन्य व्यक्तिहरूसंगै समानताको आधारमा स्वास्थ्य सेवा सम्बन्धी सेवाहरूको पहुँच सुनिश्चित गर्नुपर्छ । कानून तथा नीतिहरू यौन विविधताको संरक्षण र स्वास्थ्य सुविधाहरूमा पहुँच सुनिश्चित गर्ने महत्वपूर्ण आधार हुन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यकको समावेशीकरणको लागि सांस्कृतिक परिवर्तन अत्यन्त महत्वपूर्ण छ ।

## सुझावहरू

१. यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूका लागि औषधि र परामर्श सेवासहित यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूको पहुँच, उपलब्धता र गुणस्तर सुनिश्चित गर्ने ।
२. यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूलाई समान यौन तथा प्रजनन स्वास्थ्य अधिकार र अवसर सुनिश्चित गर्न उपयुक्त कानुन, प्रशासनिक, बजेट र न्यायिक कार्यहरू गर्ने ।
३. विधायकहरू, सांसदहरू, न्यायपालिका र कानून प्रवर्तन एजेन्सीहरूलाई यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूका लागि अधिकारमा आधारित दृष्टिकोणसँगै कानून, नीति र अभ्यासको प्रतिस्थापनका लागि काम गर्न संवेदनशील बनाउने ।
४. समुदायका सदस्यहरू, बिरामीहरू, स्वास्थ्य सेवा प्रदायकहरू, सञ्चार, नागरिक समाज, शोधकर्ताहरू र नीति निर्माताहरूसहित एक बहु-क्षेत्रीय दृष्टिकोणको माध्यमबाट यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको बीच संवाद वा छलफलका लागि सुरक्षित मञ्चहरू सिर्जना गर्ने ।
५. प्रहरी प्रशासन, सुरक्षा सेवा र अपराधिक न्याय प्रणालीका लागि घृणा अपराध र संवेदनशीलता र यौनिक तथा लैङ्गिक अल्पसंख्यक विभेदविरुद्ध प्रभावकारी प्रतिक्रियामा प्रशिक्षण प्रदान गर्ने वा पहिले नै त्यस्ता प्रशिक्षण प्रदान गर्ने समूहहरूलाई समर्थन गर्ने ।
६. स्वास्थ्य सेवाहरूमा कलंक र भेदभावको निवारणका लागि राष्ट्रिय अभियान शुरु गर्ने र यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको यौन तथा प्रजनन आवश्यकताहरूको बारेमा चेतना फैलाउने ।
७. स्वास्थ्य सेवा पहुँचमा भएका असमानताहरूको निगरानी र मानसिक स्वास्थ्य सुविधाहरू, एचआईभी र एड्सको उपचार र हार्मोनल थेरापीलाई यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूका लागि अत्यावश्यक बनाउन संयन्त्र विकास गर्ने ।
८. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारसँग सम्बन्धित अनुसन्धानको विभिन्न कार्यक्रमहरू बनाउने ।
९. समुदायमा आधारित यौनिक तथा लैङ्गिक अल्पसंख्यक संगठनहरू र सेवा प्रदायकहरू जो यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूसम्म पुग्न राम्रो स्थितिमा छन्, उनीहरूलाई कोष प्रदान गर्ने र समुदायसँग सार्थक संलग्नता सुनिश्चित गर्ने ।
१०. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ बमोजिम सरकारले सुरक्षित गर्भपतनमा विश्वव्यापी पहुँच सुनिश्चित गर्नुपर्छ, र यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई व्यापक यौन शिक्षा, यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूको गुणस्तरमा पहुँच, उपलब्धता, पर्याप्तता र जागरूकता सुनिश्चित गर्नुपर्छ ।

## स्वास्थ्य सेवा प्रदायकहरूको भुमिका

महत्वपूर्ण प्रगतिहरूको बावजुद, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूले स्वास्थ्य सेवाको पहुँचमा कठिनाईहरूको सामना गर्नु परिरहेको छ । यौनिक तथा लैङ्गिक

अल्पसंख्यकहरूलाई सबैभन्दा प्रभावकारी तरीकाले सेवा र हेरचाह प्रदान गर्नका लागि, स्वास्थ्य सेवा प्रदायकहरूले उनीहरूको पहिचान, अनुभव र वरपरको वातावरणसँगको सम्बन्धले उनीहरूको स्वास्थ्यलाई कसरी असर गर्न सक्छ भनेर बुझ्नु आवश्यक हुन्छ ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका लागि जानकारी, उपचार र हेरचाह प्रदान गर्नका लागि उनीहरूको क्षमता र सीप वृद्धि गर्न आवश्यक छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि स्वास्थ्य सेवा प्रदायकहरूबाट एक सुरक्षित स्थान प्रदान गर्नका लागि उनीहरूको यौन तथा प्रजनन स्वास्थ्यको उचित हेरचाह र यौन शिक्षाको क्षेत्रमा आमूल परिवर्तनको आवश्यकता छ । यौन तथा प्रजनन स्वास्थ्यको मुद्दाहरूलाई उचित रूपमा सम्बोधन गर्नका लागि स्वास्थ्य सेवाप्रदायकहरूलाई यौन अभिमुखिकरणको बारेमा जानकारी जरुरी देखिन्छ ।

## सुझावहरू

१. प्रशिक्षण र जनचेतनामुलक कार्यक्रमहरूको माध्यमबाट यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य आवश्यकताहरूलाई परिपुर्ति गर्न स्वास्थ्य सेवाप्रदायकहरूको क्षमता बढाउने ।

२. विभिन्न मुद्दाहरू जस्तै एचआईभी र एसटीडीबाट सकारात्मक रोकथाम, गैर-सञ्चारयोग्य परिस्थितिहरू (जस्तैः पुरुष र महिलामा हुने विशिष्ट क्यान्सर), मानसिक स्वास्थ्य, यौन रोग, परिवार नियोजन र अभिभावकत्व छनौटका लागि यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धित सेवाहरूको एक विस्तृत श्रृंखलाको प्रस्ताव गर्ने ।

३. यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूलाई मैत्रीपूर्ण सेवा प्रदान गर्न स्वास्थ्य सेवा केन्द्रहरू र औषधी पसलसहित स्वास्थ्य विभागहरूलाई म्यानुअल प्रदान गर्ने ।

४. स्वास्थ्य सेवा सुविधाहरूमा बिरामीहरूलाई प्रदान गर्नका लागि यौनिक तथा लैङ्गिक अल्पसंख्यक समावेशी र मानसिक स्वास्थ्य संसाधनहरूको सूची तयार पार्ने ।

५. विविध यौनिकता र लैङ्गिक पहिचान भएका व्यक्तिहरूको स्वीकार्यता र अधिकारमा केन्द्रित रहेर परामर्श र मानसिक स्वास्थ्य सेवाहरू प्रदान गर्ने ।

६. हर्मोनको प्रयोगबाट हुनसक्ने स्वास्थ्य प्रभाव, उचित परामर्शको आवश्यकता, शल्यक्रिया साथै मनोवैज्ञानिक सहयोगको बारेमा बुझ्नका लागि गहन अनुसन्धान र विकास कार्यक्रम सञ्चालन गर्ने ।

७. यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरू समावेश हुने गरी गैर भेदभाव नीतिसहितको सबै स्वास्थ्य सेवा सुविधाहरू, मानसिक वा यौन र प्रजनन सेवा सुनिश्चित गर्ने, काउन्टरहरूमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकको स्वास्थ्य सम्बन्धी शैक्षिक ब्रोसरहरू र यौन अभिमुखिकरण र लैङ्गिक पहिचान समावेशका लागि फारामहरू परिमार्जन गर्ने ।

## सञ्चारको भुमिका

यौन तथा प्रजनन स्वास्थ्य अधिकारको बारेमा आममानिसलाई शिक्षित गर्नमा सञ्चारको भूमिका महत्वपूर्ण हुन्छ, यौन अभिमुखिकरण र लैङ्गिक पहिचानको बुझाईको अभावले

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका मुद्दाहरूलाई न्यून रुपमा मात्र समावेश गरिएको छ । केहि हदसम्म सञ्चारले यस सम्बन्धी मुद्दाहरूलाई नियमित रुपमा समावेश गरेको छ । यसले मुख्य रूपबाट केही कथाहरुमा ध्यान केन्द्रित गरेको छ, जसले कलंक बढाउनुका साथै यौन अभिमुखिकरण र लैङ्गिक पहिचानप्रति आममानिसको दृष्टिकोण विकृत बनाउनुका साथै हानिकारक रूढिवादी प्रवलित पारेको छ ।

यौन तथा प्रजनन स्वास्थ्य सेवाको आवश्यकतातर्फ आममानिसको ध्यान केन्द्रित गरी उनीहरूलाई विकास छलफलमा व्यापक रूपमा सहभागी गराई सही सुचना प्रदान गर्दै यी चुनौतिहरूलाई सम्बोधन गर्न आमसञ्चार माध्यमहरूले महत्वपूर्ण योगदान खेल्न सक्छ । त्यसो गर्दा, खुलापन र सार्वजनिक बहसलाई बढावा दिँदै यौन तथा प्रजनन स्वास्थ्य अधिकारसँग सम्बन्धित मौनता र भेदभावको संस्कृति तोड्न सञ्चारले मद्दत गर्न सक्छ ।

## सुझावहरू

१. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको लैङ्गिक पहिचान, यौनिकता र यौन तथा प्रजनन स्वास्थ्य आवश्यकताहरूको बारेमा व्यापक सार्वजनिक सूचना अभियान र जनचेतनामूलक कार्यक्रम शुरू गर्ने ।

२. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धमा सही सुचना प्रसार गर्ने, जसले गर्दा समाज सुसूचित र परिचित हुनेछ ।[३]

३. यौनिक तथा लैङ्गिक अल्पसंख्यक र मूलधारका सञ्चार संगठनहरूको बीच यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धी कार्यक्रमहरुमा यौनिक तथा लैङ्गिक विविधतालाई मूलप्रवाहमा ल्याउन संवेदनशीलता स्थापित गर्दै सहयोग गर्ने ।

४. तालिम तथा अनुदानको माध्यमबाट बृहत् रिपोर्टिङ्गका लागि यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी मुद्दाहरुमा आमसञ्चार माध्यमको गुणस्तर र मात्रामा सुधार गर्दै कभरेज तथा रिपोर्टिङ्गका लागि पत्रकारहरुमा क्षमता निर्माण र उनीहरूको रुचि र प्रोत्साहनमा वृद्धि गर्ने ।

५. पत्रकार र शोधकर्ताहरुबीच विश्वास र आपसी सम्बन्ध स्थापित र कायम राख्ने, पेशागत सञ्चार संघहरू र व्यक्तिगत पत्रकारहरुसँग औपचारिक साझेदारी निर्माण गर्ने ।

६. समुदायको विविधता समेटिने गरी उनीहरूको आवाजको सुनुवाईका लागि यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको यौन तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी कभरेजलाई सुनिश्चित गर्ने ।

७. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको यौन तथा प्रजनन स्वास्थ्य अधिकार र संवेदनशीलतालाई बढावा दिन सञ्चारले पहरेदारको भुमिका खेल्नुपर्ने ।

८. यौन तथा प्रजनन स्वास्थ्य आवश्यकताहरुसँग सम्बन्धित मुद्दाहरूलाई जोड दिन समुहमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई प्रत्यक्ष रुपमा संलग्न गराउने ।

---

३. एशियामा एल.जि.बि.टि.आई.,नेपाल राष्ट्र रिपोर्ट, यूएनडीपी



# यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको
## दिवस समारोह/उत्सवहरु

**३१ मार्च**
ट्रान्सजेन्डर भिजिबिलिटी डे

**२६ अप्रिल**
लेस्बियन भिजिबिलिटी डे

**१७ मे**
होमोफोयिबा, बाईफोबिया र ट्रान्सफोबिया विरूद्धको अन्तर्राष्ट्रिय दिवस

**१४ जुलाई**
नन बाइनरी पिपुल्स डे

**२३ सेप्टेम्बर**
बाईसेक्सुअल भिजिबिलिटी डे

**११ अक्टोबर**
नेशनल कमिङ आउट डे

**२६ अक्टोबर**
ईन्टरसेक्स अवेयरनेस डे

**श्रोत:** *https://en.wikipedia.org/wiki/List_of_LGBT_awareness_periods*

## मितिनी नेपालको परिचय

मितिनी नेपाल समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरूको सहयोगको लागि काम गरीरहेको एक गैर सरकारी संस्था हो । नेपालका यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरूको मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने तथा उनीहरूलाई सम्मानित जीवन जिउन सामाजिक, सांस्कृतिक, आर्थिक, कानूनी तथा राजनैतिक अधिकार सहितको समतामूलक समाज निर्माण गर्ने उद्देश्यले यो संस्था सन् २००५ मा स्थापना भएको हो ।

## कार्यनीति

आम सरोकारवाला निकायहरू बीच समन्वय, सहकार्य, सञ्जालीकरण तथा आपसी समझदारीका माध्यमबाट यौनिक तथा लैङ्गिक समुदायका मानिसहरूको राजनैतिक, कानूनी, सामाजिक, आर्थिक, स्वास्थ्य तथा शैक्षिक अधिकारमा उनीहरूको सहज पहुँचको लागि बहस पैरवी गर्ने ।

## लक्षित समूह

यौनिक तथा लैङ्गिक समुदाय भित्रका सबै समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरू ।

## कार्यक्रमहरू

### १ वहस तथा पैरवी

समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरूको समान हक अधिकारका लागि हामी न्यायकर्ता, सरकारी तथा अन्य सरोकारवाला निकाय, आम सञ्चार, नागरिक समाजका अगुवाहरूसँग अन्तर्क्रिया गर्छौं । हामी विभिन्न छलफल, गोष्ठी कार्यशाला, र्‍याली, धर्ना, पत्रकार सम्मेलन आदि समेत गर्दछौं ।

### २ सामाजिक जागरण तथा सचेतना

हामी विभिन्न सांस्कृतिक कार्यक्रम, पोष्टर तथा पम्फलेट प्रकाशन, विद्यालय, कलेज जस्ता शैक्षिक संस्थाहरुमा अभिमुखीकरण आदिका माध्यमबाट यौनिक अभिमुखीकरण, लैङ्गिक पहिचान तथा अभिव्यक्ति लगायतका सवालहरुमा बहस तथा पैरवी गर्छौं । समुदायमा आधारित संस्थाहरू, व्यवस्थापिका संसद सदस्यहरू, सरकारी सरोकारवाला निकायहरू, सामुदायिक प्रहरी तथा पत्रकारहरूलाई समेत सामाजिक जागरण तथा सचेतनामूलक कार्यक्रमहरूको आयोजना गर्दछौ ।

### ३ सीप विकास

समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरूको लागि हामी सीप विकास तथा आय आर्जनसम्बन्धी तालिम प्रदान गर्दछौं । आभुषणका सामाग्रीहरूको निर्माण, सिलाई बुनाई, ड्राइभिङ, सौन्दर्यकला सम्बन्धी तालिम, कफी तयारी, च्याऊ खेती तथा मैनबत्ती उत्पादन जस्ता तालिमहरु हामीले चलाउँदै आइरहेका छौं ।

### ४ क्षमता विकास

हामी नेतृत्व विकास, मानव अधिकार, कानूनी सचेतना यौनिक तथा लैङ्गिक समुदायहरूलाई तालिम तथा अभिमुखीकरण जस्ता क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्छौं ।

### ५ मनोसामाजिक तथा कानूनी परामर्श सेवा

आवश्यक्ताका आधारमा हामी समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरू तथा तिनका परिवारका सदस्यहरूलाई मनोसामाजिक तथा कानूनी परामर्श सेवा प्रदान गर्दछौं ।

### ६ अध्ययन तथा अनुसन्धान

हामी समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरूको सवालमा उनीहरुका समस्या तथा अनुसन्धानमा रहेर खोज तथा अनुसन्धान गर्छौं ।

Mitini
NEPAL
काठमाडौं नेपाल
पो.ब.नं. ८९७४, Cpc ३३१
फोन नं. : +९७७-०१-४९५७५९०
वेभसाइट: www.mitininepal.org.np
ट्विटर : https://twitter.com/MitiniNepal
फेसबुक : www.facebook.com/Mitininepal
इन्स्टाग्राम : https://www.instagram.com/mitini_jewellery/